# नवदुर्गा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

मणिलेक, डडेल्धुरा
सुदुरपश्चिम प्रदेश नेपाल

प.सं. २०८२।०८३
च.नं.

मिति २०८३।०२।१८

**प्रस्ताव आह्वान सम्बन्धी सूचना**
**( प्रकाशित मिति -२०८३/०२/१८ गते)**

स्थानीय तहमा जिविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि २०८२ को दफा ९ अनुसार यस गाउँपालिका क्षेत्र भित्र बिपन्न महिला,एकल महिला र हिंसा पिडित महिलाहरुको उद्यमशीलता बढाई जिविकोपार्जन सुधार गरि आर्थिक शसक्तिकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्न ईच्छुक सरकारी /गैर सरकारी संस्थाहरुबाट सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र प्रस्ताव पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ।

**संलग्न गर्नुपर्ने कागजातहरु:**

१. संस्थाको विधान, परिचय, उद्देश्य, कार्य सञ्चालनको प्रकृती तथा विविध श्रोत सम्बन्धी विवरण।

२. प्रस्तावित व्यावसायको अवधारणा पत्र, व्यावसायीक क्षेत्र , तालिम अवधी र श्रोत परिचालन सहीतको व्वावसायीक योजनाको विवरण।

३. प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपी।

४. अघिल्लो आर्थिक वर्षको लेखा परिक्षणको प्रतिवेदन।

५. प्रस्तावित कार्यक्रममा संस्थाको योगदान, अंश तथा अन्य निकायबाट सम्भावनाको सम्भाव्य सहयोग वा साझेदारीको श्रोत सहितको यथार्थ विवरण।

६. कालो सूचीमा नपरेको र प्रचलित कानुन अनुसार अयोग्य नरहेको स्वःघोषणा।

७. लाभग्राही लक्षित महिला छनौट गर्दा एक घरपरिवारबाट १ जना महिला मात्रै पर्नेगरि कार्यक्रम संचालन गर्नु पर्नेछ।

८. जिविकोपार्जन सुधार कार्यक्रमको लागि ब्यावसायको क्षेत्र कृषि तथा पशुपालन, पर्यटन र गैर कृषि क्षेत्रमा केन्द्रित भई स्थापित बिपन्न महिलालाई सीप विकास तालिम पश्चात ब्यावसाय स्थापना तथा सञ्चालन गर्नको लागि नगद विउँपुजी उपलब्ध गराउनु पर्नेछ।

९. यस सूचनाको मान्य अवधी प्रकाशन भएको मितिले १५ दिन रहनेछ, अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय समय भित्र प्रस्ताव पेश गर्न सकिनेछ। थप जानकारीका लागि नवदुर्गा गाउँपालिका महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमूख विमला कुमारी विष्ट, सम्पर्क नं ९८६७७९३५७४ मा सम्पर्क गर्न सकिनेछ।

२०८३।०२।१८
महेन्द्र बोहरा
प्रमुख प्रशासकीय अधिकृत

महेन्द्र बोहरा
प्रमुख प्रशासकीय अधिकृत

**E-Mail:** nawadurgaruralmun@gmail.com **Website:** www.navadurgamun.gov.np **YBR Service** : 34266
**Facebook Page:** Nawadurga Gaupalica
" शिक्षा स्वास्थ्य कृषि पर्यटन र पुर्वाधार
नवदुर्गा गाउँपालिका बिकासको मुलआधार "

CamScanner